प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**नक्टाझिज, धनुषा**

# सोलार पम्प अनुदान कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०४

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम निजि, सार्बजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान गर्ने कार्यक्रम संचालनको लागि ईच्छुक कृषक(हरु), कृषक समुह, कृषि सहकारी संस्था, कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/१२/१८ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकेको अधिकतम मुल्यको ८५ प्रतिशत अनुदानमा कार्यक्रम सचालन हुनेछ।हाल यस कार्यक्रमको लक्ष्य १० वटा सोलर पम्प जडान गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ।यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>पेश गर्नु पर्ने विवरण र कागजातहरु</u>

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।

२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. कृषक समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता/नविकरण भएको र स्थाई लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र। आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण।

५. मांग गरेको सोलार पम्प जडान हुने जग्गामा स्यालो ट्युवेल वा ईनार/पोखरी जस्ता पानीको श्रोतको GPS code, जग्गाधनी प्रमाणपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत।

६. कृषक समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि।

- निर्देशनालयले थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात बुझाउन नसके सम्झौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी सोलर पम्प जडान गर्न अनुदान दिने सम्वन्धमा सोको सम्भाव्यता र औचित्यको आधारमा मुल्यांकन गरी निर्देशनालयले निर्णय गर्नेछ।
- प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- सोलर पम्प र उपकरणहरु यस निर्देशनालयमा सूचिकृत आपुर्तिकर्तावाट खरीद गर्नु पर्नेछ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थविज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृत छैठौं श्री जय नरायण मण्डल (मो.न. ९८६०७४९०३४) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा
नि प्रमुख

प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय
नक्टाझिज, धनुषा

# कृषि सडक निर्माण कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/१२/०४

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" मा व्यवस्था भए बमोजिम आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ का स्थानिय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीको साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाइ भएको निर्धारीत लम्बाईमा माटो र ग्रेभल वाटो) निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/१२/१८ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीले अफ्नो फर्म वा उद्यम स्थल सम्म पुग्ने कृषि सडक निर्माणको लागि मात्र निवेदन दिन पाउने छन्।हाल यस कार्यक्रमको पचिस वटा कृषि सडक निर्माण गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। यस कार्यक्रमको लागि ८५ प्रतिशत अनुदान प्रति आयोजना अधिकतम रकम रु विस लाख दिईनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुने प्रस्ताब छनौटका लागि समाबेश हुने छैन । प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np र Android app **DoadP2** बाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

१. कृषि सडक निर्माण अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।
२. आयोजना प्रस्ताव (उदेश्य, औचित्य, सम्भाव्यता, ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण)।
३. आयोजनाको ईन्जिनियरीङ्ग डिजाईन (ड्रईङ्ग/स्पेशिफिकेशन) र लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।
४. कृषि सडक निर्माण हुने जग्गामा नियमानुसार बाटो कायम रहेको प्रमाणित नक्शा।
५. उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्वन्धित स्थानिय तहवाट प्रमाणिकरण।
६. कृषि उत्पादनमा संग्लन फर्म/उद्यमीको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, २०७६/७७ को कर चुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।
७. स्थानिय तह वा उपभोक्ता समिति वा सझेदारी फर्म/कम्पनिको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।
८. प्रस्तावित जग्गामा कृषि सडक निर्माण गर्न स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस पत्र।

- निर्देशनालयले आवश्यक ठानेमा छनौट वा समझौता चरणमा आयोजना निर्माण सम्वन्धि थप कागजातहरु जस्तै जग्गाको फिल्डवुक उतार, उपभोक्ता समितिको थप विवरण, प्रस्तावित स्थलमा कृषि सडक निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र आदी मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात बुझाउन नसके समझौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थविज्ञ श्री विकास कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृत छैठौं श्री जय नरायण मण्डल (मो.न. ९८६०७४९०३४) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा
निमित्त प्रमुख

प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय
नक्टाझिज, धनुषा

# कृषि विद्युतिकरण अनुदान कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/१२/०४

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६, मा व्यवस्था भए बमोजिम आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ का ईच्छुक स्थानिय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीको साझेदारीमा कृषि विद्युतिकरण (कृषि प्रयोजनको लागि आवश्यक विद्युत आपूर्ति गर्ने प्रसारण लाईनको लागि तार, पोल जडान समाग्री लगायत टान्सफर्मर जस्ता यन्त्र उपकरण जडान र सचालन आयोजनालाइ अनुदानको लागि तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/१२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आइपुग्ने गरि खामवन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। हाल यो कार्यक्रम एक पटक संचालन गर्नु पर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। यस कार्यक्रमको लागि ८५ प्रतिशत अनुदान दिईनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुने प्रस्ताब छनौटका लागि समाबेश हुने छैन । प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np र Android app **DoadP2** बाट प्राप्त गर्न सकिनेछ ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

१. रु.१० को हुलाक टिकट टांसेको अनुदान माग गर्ने प्रस्ताव। प्रस्तावमा आयोजनाको उदेश्य, औचित्य, सम्भाव्यता, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण समावेश गर्नु पर्नेछ।
२. आधिकारीक ईन्जिनियरवाट आयोजनाको ईन्जिनियरीङ्ग डिजाईन (ड्रईङ्ग/स्पेशिफिकेशन) र लागत अनुमान तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।
३. स्थानिय तह वा उपभोक्ता समिति वा सझेदारी फर्म/कम्पनिको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।
४. प्रस्तावित जग्गामा कृषि विद्युतिकरण गर्न स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस पत्र।
५. उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्वन्धित स्थानिय तहवाट प्रमाणिकरण।
६. कृषि उत्पादनमा संग्लन फर्म/उद्यमीको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, २०७६/७७ को कर चुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।

- निर्देशनालयले आवश्यक ठानेमा छनौट वा समझौता चरणमा आयोजना निर्माण सम्वन्धि थप कागजातहरु जस्तै कृषि विद्युतिकरण हुने आयोजनाले ओगट्ने जग्गाका जग्गा धनीहरुको कित्ता नं खुलेको विवरण र सहमति, उपभोक्ता समितिको थप विवरण, प्रस्तावित स्थलमा कृषि विद्युतिकरण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र आदी मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात बुझाउन नसके समझौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण भएपछि मुल्यांकन गरी छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थविज्ञ श्री विकास कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृत छैठौं श्री जय नरायण मण्डल (मो.न. ९८६०७४९०३४) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा
निमित्त प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## नक्टाझिज, धनुषा

## निजी, सार्वजनिक, सहकारीको साझेदारीमा प्रागरिक तथा जैविक मल करखाना स्थापना तथा सचालन सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०४

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम साझेदारीमा प्रांगरिक तथा जैविक मल करखाना स्थापना तथा सचालन गर्न प्रदेश नं २ का प्रांगरिक तथा जैविक मल उत्पादन मा संलग्न सहकारी संस्था, कृषि उत्पादनमा संलग्न फर्म/उधमीले २०७७/१२/१८ गते कार्यालय समय भित्र सम्ममा यस निर्देशनालयमा आई पुग्ने गरी देहाय बमोजिमको कागजात र विवरण सहित खामबन्दी प्रस्ताब पेश गनको लागी यो सूचना आब्हान गरिएको छ ।हाल यस कार्यक्रमको लक्ष्य तिन वटा प्राङ्गारिक तथा जैविक मल कारखाना स्थापना र सचालन गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। यस कार्यक्रमको लागि ५० प्रतिशत अनुदान (प्रति आयोजना अधिकतम रकम रु पच्चिस लाख) रहेकोछ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुने प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np र Android app **DoadP2** बाट प्राप्त गर्न सकिनेछ।

सलग्न गर्नुपर्ने कागजातहरु

१ रु.१०। को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र।(प्रस्ताब पत्रमा आयोजनाको उदेश्य, औचित्य, सम्भाव्यता, आधिकारीक ईन्जिनियरवाट तयार गरिएको ईन्जिनियरीङ्ग डिजाईन, प्राविधिक स्पेशिफिकेशन र लागत अनुमान, जग्गा स्वामित्वको किसिम, उत्पादन क्षमता, उत्पादन गर्ने मलको किसिम, गुण्स्तर, परिमाण र विक्रि मुल्य, लाभग्राही संख्या, आयोजना स्थलको GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण। लागत अनुमानमा साझेदारी अंश (न्युनतम ५० प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने। पहिले मल उत्पादन गरिरहेको भए उत्पादन/ विक्री गरेको प्रमाण।।)

२ सहकारी संस्था, फर्म/उधमीको हकमा दर्ता तथा नविकरण गरेको प्रमाण पत्र र स्थायी लेखा नं. (पान)/भ्याट दर्ताको प्रतिलिपी, सस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण प्रतिबेदन तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको) आ.व. २०७६/०७७ को कर चुक्ता नभएको हकमा आ.व. २०७५/०७६ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको प्रमाणित प्रतिलिपीहरू। सहकारीको हकमा सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।

३ कार्यक्रम माग बारे सस्थाको निर्णयको प्रतिलिपि, सस्थाले अनुदान प्रक्रियाको लागि अख्तियारी दिई खटाउने पदाधिकारीको निर्णय तथा सस्थाको अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि कागजातहरु।

४ प्रस्तावित स्थलमा प्रागरिक तथा जैविक मल करखाना स्थापना निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्वन्धित कृषि ज्ञान केन्द्र सिफारिश पत्र ।

- ❖ दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोली कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- ❖ थप जानकारीको लागी यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा प्राविधिक सहायक श्री पवन तिवारी (मो.न. ९८४४३२१८३३) लाई सर्म्पक गर्नु हुन अनुरोध छ ।

.........................

डा. रत्न कुमार झा

नि.प्रमुख

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**नक्टाझिज, धनुषा**

## धान प्रोसेसिङ्ग, आधुनिक मिलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ्ग-फाइन राइस उधोगको पूर्वाधार निर्माण तथा सुदृढिकरण सम्बन्धी विस्तृत सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०४

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम धान प्रोसेसिङ्ग, आधुनिक मिलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ्ग-फाइन राइस उधोगको पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यक्रम संचालनको लागि धान प्रोसेसिङ्गमा संलग्न ईच्छुक सहकारी संस्था, निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/१२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। सचालनमा रहेको वा नयाँ निमार्ण गर्ने उधोगलाई मेसिनरी वा प्याकेजिङ् समानको मुल्यमा ५० प्रतिशत (अधिकतम रु पांच लाख सम्म) अनुदान दिइनेछ।हाल यस कार्यक्रमको १० वटा लक्ष्य रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ।यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np र Android app: **DoadP2** बाट प्राप्त गर्न सकिनेछ ।

<u>पेश गर्नु पर्ने विवरण र कागजातहरु</u>

१. अनुदान माग गर्ने प्रस्ताव फारम (रु.१० को हुलाक टिकट टांसेको)।

प्रस्ताब पत्रमा आयोजनाको उदेश्य, औचित्य, सम्भाव्यता, ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन, आधिकारीक ईन्जिनियरवाट तयार लागत अनुमान, जग्गा स्वामित्वको किसिम, उत्पादन क्षमता र मलको गुण्स्तर, लाभग्राही, आयोजना स्थलको GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण)। लागत अनुमानमा साझेदारी अंश (न्युनतम ५० प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।

२. सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, आयोजना मांग गर्ने सम्वन्धि संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण प्रतिबेदन तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको) आ.व. २०७६/०७७ को कर चुक्ता नभएको हकमा आ.व. २०७५/०७६ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको प्रमाण ।

३. सचालन हुने वा सचालनमा रहेको धान प्रशोधन उधोगको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा, आयोजना स्थलको नक्सा ।

४. सहकारी संस्था सहकारीको हकमा सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण । आवेदन पेश गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।

- निर्देशनालयले सक्कल कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात पेश गर्न नसके सम्झौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोली कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ,। प्रस्ताव खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशनद्धारा जानकारी गराईन्छ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा अधिकृत छैठौं श्री पवन तिवारी (मो.न. ९८४४३२१८३३) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

........................
डा. रत्न कुमार झा
नि.प्रमुख